# Tamang Society of America Inc.
# तामाङ समाज अमेरिका

*Non-Profit Organization 501(C)3.ID No.41-2036058. Registered since 2002.*

मिति:०९/०८/२०२५

## प्रेस विज्ञप्ति


**अध्यक्ष**
तुल ब.तामाङ

**वरिष्ठ उपाध्यक्ष**
सान्त ब. तामाङ

**उपाध्यक्ष**
धुतराज डुम्जन

**म.उपाध्यक्ष**
उमा तामाङ

**महासचिव**
चाँदनी लामा

**सचिव**
राजु लामा

**म. सचिव**
सोनिया लामा (ल्हमु डोल्मा)

**कोषाध्यक्ष**
बिष्णु तामाङ

**सह-कोषाध्यक्ष**
निरु तारा योञ्जन

**निर्देशक समिति**
नन्दु तामाङ
राजन तामाङ


हालसालै नेपालमा **Gen-Z** पुस्ताका युवाहरूले आयोजना गरेका शान्तिपूर्ण जुलुस र प्रदर्शनहरूमा राज्यद्वारा गरिएको अत्यधिक बल प्रयोग, दमन र गोली प्रहारप्रति तामाङ सोसाइटी अफ अमेरिकाको गम्भीर ध्यानाकर्षण भएको छ। साथै यस निन्दनिय कार्य प्रति खेद व्यक्त गर्दछ।

देशमा समावेशी लोकतन्त्र, पारदर्शिता, जवाफदेहिता र सुशासनको माग गर्दै आफ्ना संवैधानिक अधिकारहरू प्रयोग गरिरहेका युवाहरूमाथि गरिएको दमनले हामीलाई गहिरो पीडा दिएको छ। यो लोकतान्त्रिक मूल्य र मानव अधिकारहरूको स्पष्ट उल्लंघन हो।

यस अमानवीय दमनका कारण कयौं युवाहरूले आफ्नो अमूल्य ज्यान गुमाउनु परेको र सयौं युवा घाइते भई अस्पतालमा जीवन र मृत्युसँग संघर्ष गरिरहेका खबरहरू अत्यन्त दुःखद, निन्दनीय र चिन्ताजनक छन्। हामी दिवंगत आत्माहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं, शोकसन्तप्त परिवारप्रति गहिरो समवेदना प्रकट गर्दछौं र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं।

हामी नेपाल सरकारलाई स्मरण गराउन चाहन्छौं कि नागरिकहरूको शान्तिपूर्ण अभिव्यक्तिको अधिकारको संरक्षण गर्नु लोकतान्त्रिक शासन प्रणालीको आधारभूत जिम्मेवारी हो। राज्यद्वारा प्रयोग गरिएको हिंसा तुरुन्त रोक्नु, दोषीहरूमाथि निष्पक्ष छानबिन गरी आवश्यक कानुनी कारबाही गर्नु सरकारको कर्तव्य हो।

हामी अन्तर्राष्ट्रिय समुदाय, मानव अधिकारकर्मीहरू, तथा नेपालमा क्रियाशील सम्पूर्ण प्रगतिशील र सचेत नागरिक समाजलाई यस घटनाप्रति चासो जनाउन, पीडितहरूसँग ऐक्यबद्धता प्रकट गर्न र न्यायको पक्षमा आवाज उठाउन आग्रह गर्दछौं।

तामाङ सोसाइटी अफ अमेरिका, पीडितहरूसँग पूर्ण ऐक्यबद्धता प्रकट गर्दछ र न्यायको पक्षमा अडिग रूपमा उभिएको छ।

**चाँदनी लामा**
**महासचिव**

**तुल बहादुर तामाङ**
**अध्यक्ष**


48-05 46th ST APT 4A WOODSIDE, NY 11377
Email: info@tamangsocietyofamerica.org | Tel: 929-257-3564 | Website: www.tamangsocietyofamerica.org